# कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७४

पृष्ठभूमी:

व्यवसायिक कृषि विकास आयोजना-CADP (२०६३-६९) कार्यान्वयन गर्न नेपाल सरकार कम्पनी ऐन अन्तर्गत २०६३ सालमा गैर नाफामुखी संस्थाको रुपमा कमर्सियल एगृकल्चर एलायन्स (CAA) गठन भएको थियो। व्यवसायिक कृषि विकास आयोजनाले पूर्वाञ्चलका जिल्लामा ११ वटा कार्यक्रम संचालन गर्दा CAA ले उक्त आयोजनाको एउटा Component कार्यान्वयनमा सहयोग गरेको थियो र व्यवसायिक कृषि विकास आयोजनाको अवधि समाप्त भएपछि स्वतन्त्र रुपमा कार्यक्रम संचालन गर्दै आएको छ। आर्थिक वर्ष २०७४/०७५ मा नेपाल सरकारबाट क्षेत्रीय कृषि निर्देशनालय, विराटनगरमा कमर्सियल एगृकल्चर एलायन्स मार्फत कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरेकोले उक्त कार्यक्रम कार्यान्वयन गर्न **"कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७४"** तर्जुमा गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

### १ संक्षिप्त नाम र प्रारम्भ

कार्यविधीको नाम सार्वजनिक निजी साझेदारीमा आधारित "कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७४" रहेको छ ।

क. कार्यविधी कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

### २ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क. व्यवसायिक कृषि विकास आयोजना( CADP) भन्नाले एसियाली विकास बैंङ्क (ADB) मनिलाको सहयोगमा वि.सं. २०६३ देखि २०६९ सालसम्म पूर्वाञ्चल विकास क्षेत्रका ११ वटा जिल्लमा संचालन भएको आयोजनालाई बुझ्नु पर्दछ।

ख. कमर्सियल एगृकल्चर एलायन्स(CAA) भन्नाले व्यवसायिक कृषि विकास आयोजना( CADP) को कार्यान्वयनको लागि कम्पनी ऐन अनुसार गठन भएको गैर नाफामुखी संस्था भन्ने बुझ्नु पर्दछ।

ग. सि.ए.ए. को सदस्य भन्नाले: पूर्वाञ्चल विकास क्षेत्रका ११ जिल्लाहरुमा सिएएबाट सदस्यता प्राप्त गरि नविकरण गरेका व्यवसायिक कृषिका सरोकारवालाहरु (कृषक समूह, कृषि सहकारी, कृषि व्यापारी तथा प्रशोधनकर्ता)लाई बुझाउँदछ ।

घ. कार्यक्रम भन्नाले: कृषि वाली वस्तु, उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, बजार प्रवर्द्दन, साना बजार पूर्वाधार, साना सिचाई आदि संग सम्बन्धित क्रियाकलापहरुलाई बुझ्नु पर्दछ।

ङ. सम्वन्धित जिल्ला: भन्नाले कमर्सियल एग्रीकल्चर एलायन्स अन्तर्गतका पूर्वाञ्चलका ११ जिल्लाहरु सिरहा, ससरी, उदयपुर,सुनसरी, मोरङ्ग, धनकुटा, तेह्रथुम, झापा , इलाम, पाँचथर तथा ताप्लेजुङ्ग बुझाउदछ ।

च. व्यवसायिक प्रस्ताव भन्नाले: कार्यक्रम संचालन गर्न पेश गर्ने व्यवसायिक योजना बुझाउँदछ

३ उद्देश्य: यस कार्यविधीको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. उच्च मूल्यका वाली बस्तुहरु उत्पादन तथा उत्पादकत्व प्रवर्धन गर्न सहयोग गर्ने ।

ख. बजार पूर्वाधार बिकास तथा उत्पादनोपरान्तका कृयाकलापहरुमा सहयोग उपलब्ध गराई वाली बस्तुहरु बजारमा पहुच बढाउने ।

ग. व्यवसायिक उत्पादन प्रवर्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

**४ यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम संचालन गरिने छ।**

क. आलु , तरकारी , फलफुल , मसला बाली , चिया , कफि आदिका उत्पादन प्रवर्द्धन कार्यक्रम, बजार प्रवर्द्धन , प्रशोधन तथा उत्पादन उपरान्त सम्बन्धी कार्यक्रम ।

ख. साना बजार पूर्वाधार जस्तै: संकलन केन्द्र ,बजार स्टल , बजार सेड निर्माण तथा मर्मत सम्भारका कार्यक्रम ।

ग. साना सिचाई कार्यक्रम (स्यालो टयूबेल , Solar Power Irrigation, कुलो , पम्प सेट) निर्माण तथा मर्मत सम्भारका कार्यक्रम

घ. साना कृषि यन्त्र मिनि टिलर, पावर टिलर, थ्रेसर, हार्वेष्टर, रिपर, प्लान्टर आदि

ङ. माटो, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

च. खाद्यान्न बाली बीउ उत्पादन तथा बजारीकरण

छ. मत्स्य उत्पादन तथा बजारीकरण

## ५ कार्यक्रम संचालन विधि

५.१ कार्यक्रम छनौटका आधार

क. कार्यक्रममा सहभागी हुन कमर्सियल एगृकल्चर एलायन्स (CAA) को सदस्य भई सदस्यता नविकरण भएको हुनु पर्ने छ।

ख. सहकारी र प्रशोधन कर्ताहरुको हकमा नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

ग. दफा-४ मा उल्लेख भएका कार्यक्रमहरु लाई मात्र समावेश गराईने छ।

घ. कार्यक्रम संचालन गर्न प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

ङ. महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिईने छ।

च. कार्यक्रम संचालनका लागि उपलब्ध गराईने अनुदान पूरक अनुदानको रुपमा प्रयोग हुने र समुह, सहकारी तथा प्रशोधनकर्ता लाई अधिकतम रु ३ लाख सम्म अनुदान उपलब्ध गराईने छ । कार्यक्रम संचालनका लागि कार्यक्रम संचालन गर्ने संस्थाले कम्तीमा ५० प्रतिशत हिस्सा नगद वा जिन्सि को रुपमा अनिवार्य रुपमा व्यहोर्नु पर्ने छ।

छ. जिल्ला कृषि विकास कार्यालयको सिफारीस भएको हुनु पर्ने छ।

ज. स्थानिय रोजगारी उत्पादन प्रवर्द्धन गर्ने कार्यक्रम / आयोजनालाई प्राथमिकता दिईने छ।

५.२ कार्यक्रम बजेट व्यवस्थापन : कार्यक्रम संचालनका लागि चालु आर्थिक वर्ष २०७४/०७५ मा क्षेत्रीय कृषि निर्देशनालय विराटनगरमा रु. १ करोड बजेट बिनियोजन भएको छ। उक्त बजेट मध्ये २.५ प्रतिशत कन्टिनजेन्सी रकम छुट्टयाइ कार्यक्रम संचालनको प्रशासनिक र अनुगमन मुल्याङ्कनमा खर्च गरिने छ।

५.३ कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी कमर्सियल एग्रीकल्चर एलायन्सको हुने छ।

ख. कमर्सियल एग्रीकल्चर एलायन्सले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा जिल्ला कृषि विकास कार्यालय तथा अन्य सम्बन्धित निकायहरुबाट लिने छ।

ग. कार्यक्रम संचालनको नियमित प्रतिवेदन कमर्सियल एग्रीकल्चर एलायन्सले क्षेत्रीय कृषि निर्देशनालय, बिराटनगरलाई उपलब्ध गराउनु पर्ने छ।

५.४ कार्यक्रम संचालन प्रकृयामा

क. सुचना प्रवाह- कमर्सियल एग्रीकल्चर एलायन्सले कार्यक्रम संचालनका लागि स्थानिय पत्रिका एफ.एम. रेडियो मार्फत अनुसुचि-१ मा उल्लेखित ढाँचा अनुसार प्रवाह गर्ने छ।

ख. स्कीम / व्यवसायिक योजना- कार्यक्रममा सहभागी हुन चाहने (कृषक समुह, सहकारी तथा प्रशोधनकर्ताहरु) अनुसुचि- २ बमोजिमको ढाँचाको स्कीम/व्यवसायिक योजनाहरु कमर्सियल एग्रीकल्चर एलायन्स, विराटनगरमा दर्ता गराउनु पर्ने छ।

५.५ स्कीम/ व्यवसायिक योजना छनौट

क. स्कीम/ व्यवसायिक योजना छनौट प्रायोजनको लागि तपसिल बमोजिमको प्राविधिक तथा मूल्याङ्कन समिति रहने छ।

- वरिष्ठ कृषि प्रसार अधिकृत, क्षेत्रीय कृषि निर्देशनालय, विराटनगर -संयोजक
- वरिष्ठ योजना अधिकृत , क्षेत्रीय कृषि निर्देशनालय, विराटनगर -सदस्य
- सदस्य, कमर्सियल एग्रीकल्चर एलायन्सका प्रतिनिधि -सदस्य
- लेखा अधिकृत, क्षेत्रीय कृषि निर्देशनालय, विराटनगर -सदस्य
- कमर्सियल एग्रीकल्चर एलायन्सका व्यवस्थापक सचिव-सदस्य-

ख. उपरोक्त प्राविधिक तथा मूल्याङ्कन समितिले अनुसुचि-३ बमोजिमको ढाँचामा मुल्याङ्कन गर्ने छ। मुल्याङ्कन पछि स्कीम/ व्यवसायिक योजना प्राविधिक तथा मूल्याङ्कन समितिले स्वीकृतिका लागि क्षेत्रीय कृषि निर्देशक समक्ष पेश गर्ने छ ।

ग. अनुसुची – ३ बमोजिम स्कीम / व्यवसायिक योजनाले न्यूनम ५० प्रतिशत अंक प्राप्त गरेको स्कीम / व्यवसायिकलाई मात्र उतिर्ण भएको मानिने छ ।५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्कीम / व्यवसायिक योजनालाई प्रतिष्पर्धामा सामेल गराईने छैन।

घ. संझौता गर्नु अघि प्राविधिक तथा मूल्याङ्कन समितिले आवश्यक ठाने स्थलगत अनुगमन समेत गर्न सक्ने छ।

५.६ संझौता : स्कीम / व्यवसायिक योजना स्वीकृत भए पछि अनुसूची – ५ बमोजिमको ढाँचामा कमर्सियल एग्रीकल्चर एलायन्स र कार्यक्रम संचालन गर्ने समुह/ सहकारी/ प्रशोधनकर्ता बीच संझौता गरिने छ।

## परिच्छेद — ३

## अनुगमन मुल्याङ्कन भुक्तानी प्रकृया

६ भुक्तानी प्रकृया — कार्य सम्पन्न भएको आधारमा दुई किस्तामा भुक्तानी दिईने छ। प्रथम किस्तामा अधिकतम ५० प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकी रकम दोश्रो किस्तामा भुक्तानी गरीने छ।

प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम / व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भएअनुसार संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा र दोश्रो किस्ता स्कीम / व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

७ अनुगमन मुल्याङ्कन — कृषि विकास मन्त्रालय , कृषि विभाग , क्षेत्रीय कृषि निर्देशनालय , कमर्सियल एग्रीकल्चर एलायन्स आदिबाट आवश्यकता अनुसार अनुगमन मुल्याङ्कन गरिने छ । किस्ता भुक्तानी प्रयोजनको लागि कमर्सियल एग्रीकल्चर एलायन्स र क्षेत्रीय कृषि निर्देशनालयको संयुक्त टोलिले अनुगमन गर्ने छ।

८ प्रतिवेदन — कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले किस्ता भुक्तानी माग गर्दा स्कीम / व्यवसायिक योजना बमोजिमका कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्दछ। अन्तिम किस्ता भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ । कमर्सियल एग्रीकल्चर एलायन्सले राष्ट्रिय योजना आयोगको फरमेट अनुसार चौमासिक प्रगति प्रतिवेदन क्षेत्रीय कृषि निर्देशनालयमा पेश गर्नु पर्दछ ।

## परिच्छेद — ४

## विविध

९ कार्यवाहीको व्यवस्थाः स्वीकृत स्कीम / व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाईएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम कार्यवाही गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१० प्रचलित कानुन लागु हुनेः कार्यक्रम कार्यान्वयनको सम्बन्धमा कार्यविधिमा उल्लेख भएको यसै कार्यबिधि बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

११ बिमाः स्कीम / व्यवसायिक योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्ने छ।

१२ बाधा अड्काउ निरुपण खारेजी एवं संशोधन :

क) यस कार्यबिधी कार्यान्वयनमा केहि बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ । यसमा कृषि विकास मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

ख) यस कार्यबिधीलाइ आबश्यकतानुसार कृषि विकास मन्त्रालयले संशोधन वा खारेजी गर्न सक्नेछ ।

## अनुसूचिहरु

### अनुसुची – १

कमर्सियल एगृकल्चर एलायन्स मार्फत व्यवसायिक कृषि विकास कार्यक्रम संचालनको लागि स्किम / व्यवसायिक योजनाको आव्हान सम्बन्धी सुचनाको ढाँचा ।

सुचना सुचना सुचना

क्षेत्रीय कृषि निर्देशनालय विराटनगर आर्थिक वर्ष २०७४/०७५ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कमर्सियल एगृकल्चर एलायन्स(CAA) मार्फत व्यवसायिक कृषि कार्यक्रम संचालन गर्नु पर्ने भएकोले कमर्सियल एगृकल्चर एलायन्स का सदस्यहरु मध्येबाट दरखास्त आव्हान गरिएको छ। यो सुचना प्रकाश भएको मितिले १५ दिन भित्र कमर्सियल एगृकल्चर एलायन्स मार्फत व्यवसायिक कृषि विकास कार्यान्वयन कार्यविधि , २०७४ को दफा ४ मा उल्लेख भएको कार्यक्रम संचालनको लागि तोकिएको ढाँचा अनुसार दरखास्त दिनु हुन अनुरोध गरिन्छ। पुनश्च आवेदनका साथ तपसिल अनुसारका कागजातहरु पेश गर्न समेत यसै सुचनाबाट सुचित गरिन्छ।

तपसिलः

अनुसुचि – २ अनुसारको आवेदन फारम

अनुसुचि – ३ अनुसारको स्किम व्यवसायिक योजना /

प्रमाणित प्रमाण पत्र( तालिम , संस्था, नविकरण , कर, फर्छ्यौट)

अनुसुचि — २

कमर्सियल एगृकल्चर एलायन्स मार्फत व्यवसायिक कृषि कार्यक्रम संचालन गर्नका लागि दिईने आवेदन पत्र

श्रीमान क्षेत्रीय कृषि निर्देशक ज्यू,
क्षेत्रीय कृषि निर्देशनालय , विराटनगर

विषय: कार्यक्रम उपलब्ध गराईदिने बारे।

महोदय ,

मिति २०७४ साल............ महिना........गते पत्रिका/ एफ.एम. रेडियोमा प्रकाशित/ प्रसारित सुचना बमोजिम व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न तिब्र ईच्छा भएकाले आवश्यक कागजात राखि निवेदन गर्दछु। नियमानुसार कार्यक्रम उपलब्ध गराई दिनु हुन अनुरोध छ। पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ राखेको व्यहोरा समेत अनुरोध छ।

तपशिल

१. अनुसुचि — ३ अनुसारको कार्ययोजना
२. फर्मभएको प्रमाणको प्रतिलिपी सहकारी सम्बन्धित निकायमा दर्ता/समुह/
३. प्रमाणित प्रमाण पत्र( तालिम , संस्था नविकरण , कर फर्छ्यौट आदि)

निवेदकः
दस्तखतः
ठेगानाः
फोन नः

## अनुसूचि — ३

### व्यवसायिक योजना ढाँचा

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| कृषक समूह, सहकारीहरु, प्रशोधन कर्ताको तर्फबाट | |

२) अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

कृषि विकास मन्त्रालय सिंहदरबार

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| तपाईको संस्थाले व्यवसाय संचालन सम्बन्धमा भोग्दै आएको समस्याहरु | |
| व्यवसायिक योजना किन र के कार्यका लागि पेश गर्नु भएको हो | |

| | |
|---|---|
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

४. आयोजना संचालन प्रकृया

| | |
|---|---|
| आयोजना कसरी संचालन हुन्छ | |

५. अनुदानबाट के उपलब्धि हासिल हुने छ

| | |
|---|---|
| क्षेत्रफल बिस्तार(हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, मे.ट.) | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |

| | |
|---|---|
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

६. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| विवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| विवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |

७. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क.सं. | मुख्य कृयाकलापहरु | निकायको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

## अनुसूची — ४

स्कीम / व्यवसायिक योजना मुल्याङ्कन आधार

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्रासाङ्क |
|---|---|---|---|
| १ | **अनुदानग्राहि संस्थाको अनुभव** | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | | |
| | रु. १० लाख भन्दा बढि | १० | |
| | रु. ५ देखि १० लाख | ८ | |
| | रु. ३ देखि ५ लाख | ५ | |
| | रु. ३ लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक, लेखापाल, कार्यक्रम, संयोजकले तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण | २ | |
| २. | **स्कीम / व्यवसायिक योजनाको प्राविधिक पक्ष** | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३. | **आयोजना संचालन प्रकृया** | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | ३० भन्दा कम | २ | |
| ३.२ | समावेशिकरण | | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४. | उपलब्धी | २० | |
| ४.१ | उत्पादन उत्पादकत्व वृद्धि | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा(Gross margin) | | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | BC ratio | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ५ | प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव | २० | |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्य तालमेल | | |
| | राम्रो | १० | |

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्रासाङ्क |
|---|---|---|---|
| | सन्तोषजनक | ५ | |
| ५.२ | अनुदानग्राहिको सहभागिता | | |
| | ७० प्रतिशत भन्दा बढि | १० | |
| | ६० प्रतिशत देखि ७० प्रतिशत सम्म | ८ | |
| | ५० प्रतिशत देखि ६० प्रतिशत सम्म | ५ | |